


वर्ष ४२ | अंक १० | नेपाल राष्ट्र बैंक समाचार | असार २०७५ | जुन-जुलाई २०१८

# बैंकको पुँजीगत खर्च बढाउन आवश्यक – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले संस्थागत योजना विभागद्वारा काठमाडौंमा आयोजित 'व्यवस्थापन गोष्ठी २०७५' को २०७५ जेठ ३० गते एक समारोहका बीच उद्घाटन गर्नुभयो ।

समारोहमा गभर्नर डा. नेपालले बैंकको पुँजीगत खर्च कम मात्र भइरहेकोले सो बढाउन आवश्यक रहेको विचार व्यक्त गर्दै आगामी वर्षहरूमा बैंकको पुँजीगत खर्च बढ्ने गरी योजना बनाउन र कार्यान्वयन गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा उहाँले बैंकका कर्मचारीहरूले कर्तव्यनिष्ठ भई आफ्नो जिम्मेवारी उच्च मनोबलका साथ बहन गर्न मार्ग निर्देशन गर्नुभयो । साथै, उहाँले बैंकको नयाँ बन्न लागेको भवन निर्माणका बारेमा चासो लिई सो कार्यलाई शिघ्र अघि बढाउन पनि निर्देशन दिनुभयो ।



डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठका साथै बैंकका सम्पूर्ण विभाग तथा कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको उक्त समारोहमा संस्थागत योजना विभागका कार्यकारी निर्देशक पीताम्बर भण्डारीले बैंकको आ.व.२०७४/७५ को तेस्रो त्रयमाससम्मको बजेट र कार्ययोजनाको संक्षिप्त समीक्षा प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

समारोहमा संस्थागत योजना विभागका निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य राख्नु भएको थियो ।

उद्घाटन सत्र पश्चात् सोही दिन डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको अध्यक्ष्यतामा गोष्ठीको पहिलो व्यावसायिक सत्र सम्पन्न भयो । डेपुटी गभर्नर शिवराज श्रेष्ठ अतिथि रहनुभएको उक्त सत्रमा बैंक तथा वित्तीय संस्था नियमन विभाग, अनुसन्धान विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग, बैंकिङ्ग कार्यालय, सामान्य सेवा विभाग, वित्त व्यवस्थापन विभाग, जनकपुर कार्यालय, सिद्धार्थनगर कार्यालय, वीरगञ्ज कार्यालय, नेपालगञ्ज कार्यालय, विराटनगर कार्यालय, पोखरा कार्यालय र धनगढी कार्यालयका प्रमुखहरूले विभागीय प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीको दोस्रो व्यावसायिक सत्र २०७५ जेठ ३१ गते डेपुटी गभर्नर शिवाकोटीको आतिथ्यता तथा डेपुटी गभर्नर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो । उक्त सत्रमा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग,

बाँकी ३ पेजमा

## नियमनकारी निकायहरूबीच समन्वय आवश्यक

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको प्रमुख आतिथ्यतामा नेपाल धितोपत्र बोर्डले २०७५ जेठ २५ गते काठमाडौंमा बोर्डको रजत जयन्ती वर्ष समापन तथा २६ औं वार्षिकोत्सव कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपाल अतिथिको रुपमा सहभागी हुनुभयो ।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै अर्थमन्त्री डा. खतिवडाले वित्तीय प्रणाली जोखिमयुक्त हुने भएकोले सबै नियमनकारी निकायले स्वायत्त र सतर्क भई प्रभावकारी ढंगले आफ्नो भूमिका निर्वाह गर्नु पर्ने र सबै नियमनकारी निकायहरूबीच आवश्यक समन्वय पनि हुनु पर्ने धारणा व्यक्त गर्नुभयो ।



नेपालको अर्थतन्त्र सुधारको क्रममा रहेको वर्तमान समयमा राष्ट्रिय पुँजी निर्माण एक महत्वपूर्ण विषय भएकोले यसका लागि धितोपत्र बजारलाई महत्वपूर्ण संयन्त्रको रुपमा प्रयोग गरिने चर्चा गर्दै उहाँले

बाँकी ३ पेजमा

# क्यासिनोको इजाजत, कारोवार, रिपोर्टिङ लगायतका व्यवस्था थप

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ जेठ १४ गते एक परिपत्र जारी गरी विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई गत वर्ष जारी गरिएको एकीकृत परिपत्र-२०७४ मा बुँदा थप गरेको छ । बैंकिङ कार्यालय लगायत प्रदेशस्थित सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त क र ख वर्गका बैंक तथा वित्तीय संस्थाहरू, क्यासिनो तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरूका लागि जारी गरिएको उक्त परिपत्र अनुसार उपरोक्त एकीकृत परिपत्रको इ.प्रा. परिपत्र: २४/२०७४ को दफा २ पश्चात देहायको व्यवस्था सहितको दफा ३ थप गरिएको छ ।

३. क्यासिनोको इजाजत, कारोवार, रिपोर्टिङ, खाता सञ्चालन, रकम ट्रान्सफर लगायतको व्यवस्था सम्बन्धमा:

(क) सबै क्यासिनोहरूले कारोबार सञ्चालन गर्नुपूर्व यस बैंकबाट विदेशी विनिमय कारोबार सम्बन्धमा इजाजत लिनु पर्नेछ । इजाजतको लागि आवेदन दिँदा अनुसूची २४.९ बमोजिमको कागजात पेस गर्नु पर्नेछ ।

(ख) यस व्यवस्था अनुसार क्यासिनोले आफ्नो कारोबार बैंकिङ प्रणाली प्रयोग गरी सम्पादन गर्नु पर्नेछ ।

(ग) खेलाडीबाट क्यासिनो खेलको लागि आवश्यक रकम अमेरिकी डलर ५००० (पाँच हजार) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा नगदै लिन सकिनेछ । सोभन्दा बढी रकमको हकमा भंसार घोषणा गरी प्रमाणित गरेको हुनु पर्नेछ वा बैंकिङ प्रणालीमार्फत रकम प्राप्त गरेको हुनु पर्नेछ । साथै, इजाजतपत्र प्राप्त क्यासिनोहरूले बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक सम्झौता गरी क्यासिनो खेलाडीसँग Point of Sale (PoS) मार्फत विदेशी मुद्रा प्राप्त गर्न सक्नेछन् ।

(घ) खेलाडीबाट बैंकमा रकम जम्मा हुँदा तथा नगदै बुझिलिँदा क्यासिनोले अनुसूची २४.१ बमोजिमको रसिद जारी गर्नु पर्नेछ ।

(ङ) क्यासिनो कारोबारमा प्राप्त हुने नगद विदेशी मुद्राहरू भोलिपल्टसम्म आफ्नो खाता रहेको बैंकमा जम्मा गरिसक्नु पर्नेछ ।

(च) भारतबाट क्यासिनो खेल्न आउने भारतीयहरूबाट प्राप्त हुने भारतीय मुद्राको छुट्टै खाता खोल्नु पर्नेछ । सो खातामा बैंकिङ च्यानलमार्फत प्राप्त हुने भारतीय मुद्रा जम्मा गर्नुपर्ने र खेलाडीले बाजी जितेको हकमा सोही खाताबाट बैंकिङ च्यानल प्रयोग गरी भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ । यसरी भुक्तानी दिँदा क्यासिनो नियमावली, २०७० को नियम २१ अनुसार खेलाडीले एक पटकमा खेल्न सक्ने अधिकतम बाजीको सीमा (बेट लिमिट) भित्र रही त्यसै गरी नियम २२ मा खेलाडीले खेल खेल्नको लागि खरिद गर्न सक्ने क्वाइन वा चिप्सको अधिकतम संख्या तथा मूल्यको सीमा भित्र रही कारोबार गर्नु पर्नेछ ।

(छ) खेलाडीको रकम बैंकमा जम्मा गरेको भौचर/स्लिप/स्विफ्टको आधिकारिक कागजात काउण्टरमा पेश गरेपछि खेलाडीलाई सो अनुसारको नम्बर उल्लेख भएको क्वाइन/चिप्स प्रदान गर्नु पर्नेछ । क्यासिनोले क्वाइन/चिप्स वितरण गर्नु अगाडि रकम, समय, विनिमय दर, क्यासिनोमा प्रवेश गरेको समय र क्वाइन/चिप्स नम्बर समेत उल्लेख भएको रसिद जारी गर्नु पर्नेछ ।

(ज) कुन रसिद वापत क्वाइन/चिप्स वितरण गरेको हो, सो यकिन हुने गरी वितरण गर्नु पर्नेछ ।

(झ) क्वाइन/चिप्स फिर्ता भएपछि उक्त क्वाइन कुन रसिद वापत जारी गरिएको हो, यकिन गर्ने र सोही रसिदको Reference को आधारमा जितेको रकम फिर्ता भुक्तानी दिनु पर्नेछ ।

(ञ) क्यासिनोको भारतीय मुद्रा खातामा भा.रु.१०,००,००,०००।- (दस करोड) तथा परिवर्त्य विदेशी मुद्रा खातामा अमेरिकी डलर २०,००,०००।- (बीस लाख) सम्म अधिकतम मौज्दात राख्न सकिनेछ । सोभन्दा बढी रकम जम्मा भएपछि नेपाली मुद्रा खातामा रकमान्तर गर्नु पर्नेछ तथा जितेको रकम यही मौज्दातबाट पठाउनु पर्नेछ ।

(ट) यस प्रयोजनको लागि सम्बन्धित क्यासिनोहरूले यस बैंकबाट इजाजतपत्र लिई सोही आधारमा बैंक तथा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रामा खाता खोल्न सक्नेछन् । यस बैंकलाई त्यस्तो खाताको सम्बन्धमा जानकारी गराई सोही खाताबाट कारोबार गर्नु पर्नेछ ।

(ठ) जुन खेलाडीको नामबाट रकम बैंकमा जम्मा भएको छ, सोही खेलाडीलाई मात्र खेलाउन पाइने छ तथा सीमाभित्र रही खेलाडीले जितेको हकमा जुन देशको बैंक, खाता तथा नामबाट रकम नेपाल आएको हो सोही बैंक, खाता तथा नाममा मात्र रकम पठाउन सकिनेछ । खेलाडीले क्यासिनो खेलको लागि नगदै जम्मा गरेको रकम र जितेको रकम अमेरिकी डलर ५००० सम्म नगदै भुक्तानी गर्न सकिनेछ ।

(ड) खेलाडीले बाजी जितेको हकमा सोही खाताबाट बैंकिङ च्यानल प्रयोग गरी भुक्तानी दिनु पर्नेछ ।

(ढ) क्यासिनोको मुनाफा/आर्जनको आधारमा यस बैंकले समय समयमा तोकेको सीमासम्मको रकम मात्र बैंकिङ च्यानल प्रयोग गरी भुक्तानी दिन पाउनेछ । त्यस्तो जितेको रकममा नियम अनुसार कर तिरी भारतीय मुद्राको हकमा कम्पनीको खातामा रकम भएसम्म बैंकले तोके बमोजिम भा.रु. ३०,००,०००।- (तीस लाख) को सीमासम्म तथा अमेरिकी डलरको हकमा १०,०००।- (दस हजार) सम्म सोझै आफ्नो खाता भएको बैंकमार्फत पठाउन सकिने र सोभन्दा बढी रकम भएमा यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(ण) खण्ड (ढ) बमोजिमको रकम देहाय बमोजिमको कागजात पेस गरी बैंकमार्फत भुक्तानी पठाउन सकिनेछ:

- खेलाडीले रकम नगदै बुझाएको भए अनुसूची २४.१ बमोजिमको नगद बुझिलिएको रसिदको प्रतिलिपि,
- खेलाडीले बैंकमार्फत रकम जम्मा गरेको भए सो सम्बन्धी कागजात,
- तेस्रो मुलुकको नागरिकको हकमा राहदानीको प्रतिलिपि र भारतीय नागरिकको हकमा राहदानी वा भारतीय नागरिक भएको परिचय खुल्ने भारत सरकारद्वारा जारी कागजात,
- जितेको रकमको हकमा नियमानुसार कर तिरेको प्रमाण ।

(त) खेलाडीले रकम जितेको हकमा नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने जितेको रकममा लाग्ने कर बुझाएको प्रमाण पेस गरेपछि मात्र सीमाभित्र रही बैंकमार्फत भुक्तानी पठाउनु पर्नेछ ।

(थ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा लगानी गर्ने कार्य निवारण गर्ने सम्बन्धमा प्रचलित कानुन तथा यस बैंकबाट जारी निर्देशनको पालना गर्नु पर्नेछ ।

(द) संस्थाको कारोबार कानुन बमोजिम वार्षिक रुपमा लेखापरीक्षण गराई इजाजतपत्र नवीकरण गर्दाका बखत सोको प्रतिलिपि यस बैंकमा पेस गर्नु पर्नेछ ।

# सरकारको आर्थिक नीतिलाई सहयोग पुग्ने गरी मौद्रिक नीति आउने

गभर्नर डा. चिरंजीबि नेपालले सरकारको आर्थिक नीतिलाई सहयोग पुग्ने गरी मौद्रिक नीति आउने बताउनु भएको छ। उक्त कुरा उहाँले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिको सम्बन्धमा छलफल गर्न नेपाल राष्ट्र बैंक र आईबीएन मिडिया एण्ड रिसर्च प्रा.लि.ले संयुक्त रूपमा २०७५ जेठ ३० गते ललितपुरमा आयोजना गरेको छलफल कार्यक्रममा व्यक्त गर्नुभएको हो।

दाहालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिमा समावेश गर्ने हेतु विभिन्न सरोकारवालाहरूबाट उपयुक्त राय सुझाव संकलन गरी सम्बन्धित निकाय समक्ष पुऱ्याउने उद्देश्यले आयोजित उक्त कार्यक्रमको संयोजन आईबीएन मिडिया एण्ड रिसर्च प्रा.लि.का प्रबन्ध निर्देशक हृदयराज गौतमले गर्नुभएको थियो।



सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि गभर्नर डा. नेपालले देशमा राजनैतिक स्थायित्व कायम भएको र नियमित विद्युत आपूति भएको कारण नेपालको अर्थतन्त्र सकारात्मक दिशातर्फ अगाडि बढेकोले अर्थतन्त्रको आकार पनि सोचे भन्दा बढी भइरहेको चर्चा गर्दै हाल भइरहेको आर्थिक गणनाबाट नेपाली अर्थतन्त्रको वास्तविक आकार थाहा हुने बताउनु भयो।

नेपालको आर्थिक वृद्धि दर लगातार ६ प्रतिशतको हाराहारीमा रहनु आर्थिक विकासको दृष्टिले महत्वपूर्ण रहेको धारणा व्यक्त गर्दै उहाँले संघीय र प्रादेशिक दुबै सरकारले ल्याएका बजेटका कारण देशको आर्थिक गतिविधि अझ बढ्ने भएकोले यसको लागि आवश्यक नगद प्रवाह सहज र पारदर्शी बनाउने तर्फ मौद्रिक नीति केन्द्रित हुने बताउनु भयो।

पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्री, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष ज्ञानेन्द्र ढुंगाना, डेपलपमेन्ट बैंकर्स एसोसिएसनका कार्यवाहक अध्यक्ष गोविन्द ढकाल र नेपाल चेम्बर्स अफ कमर्सका महासचिव कमलेश अग्रवालले मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सानिमा बैंकका कार्यकारी अधिकृत भुवन

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधि, उद्योगी, व्यवसायी, लगानीकर्ता, प्राध्यापक तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

## बैंकको पुँजीगत...

गभर्नरको कार्यालय, आन्तरिक लेखापरीक्षण विभाग, संस्थागत योजना विभाग, सूचना प्रविधि विभाग, वित्तीय जानकारी इकाई, कानून महाशाखा, जनशक्ति व्यवस्थापन विभागका प्रमुखहरूले विभागीय प्रस्तुति प्रस्तुत गर्नुभएको थियो।

विभागीय प्रस्तुतिका क्रममा कार्यालय प्रमुखहरूले आ-आफ्नो कार्यालयको वस्तुस्थिति, कार्यसम्पादन स्थिति, कार्य विश्लेषण, प्रगति विवरण तथा समस्या र भोग्नु परेका कठिनाईका बारेमा प्रकाश पार्नुभएको थियो।

गोष्ठीमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल र सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेलले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो।

दुई दिने उक्त गोष्ठीमा बैंकका सबै विभाग तथा कार्यालयका प्रमुखहरू र तीन वटै कर्मचारी संघ/संगठनका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## नियमनकारी...

यो कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि स्वच्छ, पारदर्शी र उच्च व्यावसायिकता भएको धितोपत्र बजार आवश्यक हुने बताउनु भयो। साथै, उहाँले धितोपत्र बजारको पूर्ण विकासको लागि शेयर बजारका साथै ऋणपत्र बजार र डेरिभेटिभ बजारको पनि उपयुक्त विकास गर्न सकिएको खण्डमा बजारको जोखिम व्यवस्थापन प्रभावकारी हुने धारणा राख्नुभयो।

कार्यक्रममा गभर्नर डा. नेपालले धितोपत्र बजारको विकासमा नेपाल धितोपत्र बोर्डले लिएका पछिल्ला सुधारात्मक कदमहरूको प्रशंसा गर्दै नेपाली धितोपत्र बजारको विकास तथा विस्तारका लागि अझै थुपै कार्यहरू गर्न बाँकी रहेको धारणा व्यक्त गर्नुभयो। साथै, उहाँले बोर्डको कार्यक्षेत्र व्यापक भएकोले पर्याप्त कर्मचारीका साथै संस्थागत क्षमता अभिवृद्धितर्फ पनि बोर्डले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रेवतबहादुर कार्कीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बीमा समितिका अध्यक्ष चिरञ्जीबी चापागाईं, बोर्डका पूर्व अध्यक्ष दीपकराज काफ्ले, नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्मा र बोर्ड कर्मचारी युनियनका अध्यक्ष राजुबहादुर जि.सी.ले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा अर्थमन्त्री डा. खतिवडाले बोर्डको रजत जयन्ती वर्षको अवसरमा प्रकाशित "रजत जयन्ती वर्ष स्मारिका", गभर्नर डा. नेपालले "पुँजी बजार सम्बन्धी साक्षरता", बोर्डका अध्यक्ष कार्कीले "धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी विशेष कानुनी संग्रह" र बीमा समितिका अध्यक्ष चापागाईंले "रजत जयन्ती वर्ष पुँजी बजार लेख विशेषांक" नामक विशेष प्रकाशनहरूको विमोचन समेत गर्नुभएको थियो।

कार्यक्रममा न्यू विजनेस एज प्रा.लि.को प्रकाशन आर्थिक अभियान दैनिकलाई पुँजी बजार पत्रकारिता पुरस्कार, त्रिभुवन विश्वविद्यालयका शोधार्थीहरू रामचन्द्र बस्नेत, रशेश बैद्य र अर्चना जोशीलाई उत्कृष्ट शोधपत्र पुरस्कार र बोर्डमा २० वर्ष सेवा गरिसकेका कर्मचारीहरूलाई दीर्घ सेवा पदक प्रदान गरिएको थियो।

# अध्ययन अनुसन्धान नगरी दीर्घकालीन नीति नल्याउने – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले अध्ययन अनुसन्धान नगरी नेपाल राष्ट्र बैंकले कुनै पनि दीर्घकालीन नीति नल्याउने बताउनु भएको छ।




आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिका सम्बन्धमा छलफल गर्न नेपाल राष्ट्र बैंक समेतको प्रायोजनमा नेपाल व्यवस्थापन संघले २०७५ जेठ २७ गते काठमाडौंमा आयोजना गरेको छलफल कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै गभर्नर डा. नेपालले केन्द्रीय बैंकले गहिरो अध्ययन गरेर, विभिन्न क्षेत्रमा पर्ने प्रभावलाई मनन गरेर र विगतको अनुभवको आधारमा विश्लेषण गरेर मात्र मौद्रिक नीति ल्याउने जानकारी दिनुभयो।

मुलुकको वैदेशिक व्यापार चरम घाटामा रहेको चर्चा गर्दै उहाँले आगामी मौद्रिक नीति व्यापार घाटा कम गर्ने र रोजगारी बढाउने तर्फ केन्द्रित हुने बताउनु भयो।

सरकारले लक्षित गरेको ८ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न विस्तारकारी वित्तीय नीति अवलम्बन गरेकोले यसबाट हुन सक्ने मूल्य वृद्धि नियन्त्रण गर्ने तर्फ पनि आगामी मौद्रिक नीति केन्द्रित हुने उहाँले बताउनु भयो।

कार्यक्रममा पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले सरकारले ल्याएको बजेटले अर्थतन्त्रमा पार्ने प्रभावको गहन अध्ययन गरेर केन्द्रीय बैंकले बजेटको सकारात्मक प्रभाव पर्ने गरी मौद्रिक नीति ल्याउनु पर्ने चर्चा गर्दै विस्तारकारी बजेट आउँदा केन्द्रीय बैंकले मूल्य स्थिरता कायम गर्न सक्ने मौद्रिक नीति ल्याउनु पर्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष ज्ञानेन्द्र ढुंगानाले सरकारले आगामी आर्थिक वर्षका लागि प्रक्षेपण गरेको ८ प्रतिशतको आर्थिक वृद्धि आन्तरिक तथा बाह्य पुँजी परिचालन गरे मात्र सम्भव हुने चर्चा गर्दै यसका लागि विस्तारकारी मौद्रिक नीति आउनु पर्ने तथा कर्जाको पुँजी र निक्षेपसँगको अनुपात हटाउनु पर्ने धारणा राख्नुभयो।

नेपाल उद्योग परिसंघका प्रतिनिधि तथा पूर्व बैंकर अनलराज भट्टराईले ८ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त गर्न रु.५७५ अर्ब थप लगानीयोग्य कोष आवश्यक पर्ने, बैंकिङ क्षेत्रले रु.५०० अर्ब मात्र निक्षेप बढाउन सक्ने, त्यसमध्ये पनि रु.१२५ अर्ब सरकारले आन्तरिक ऋणको रुपमा उठाउने भएकोले रु.२०० अर्ब लगानीयोग्य कोषको अभाव हुने तथ्यांक प्रस्तुत गर्दै निष्क्रिय कोषको रुपमा रहने तरल सम्पत्तिको रकम कम गर्न कर्जाको पुँजी र निक्षेपसँगको अनुपात हटाउनु पर्ने धारणा राख्नुभयो।

नेपाल वित्तीय संस्था संघका अध्यक्ष सरोजकाजी तुलाधरले घट्दो शेयर बजारलाई टेवा पुग्ने गरी मौद्रिक नीति ल्याउन आग्रह गर्नुभयो।

आर्थिक वर्ष २०७५।७६ को मौद्रिक नीतिमा समावेश गर्ने हेतु विभिन्न सरोकारवालाहरूबाट उपयुक्त राय सुझाव संकलन गरी सम्बन्धित निकाय समक्ष पुऱ्याउने उद्देश्यले आयोजित उक्त कार्यक्रमको संयोजन नेपाल व्यवस्थापन संघका कार्यकारी सदस्य अजय मिश्रले गर्नुभएको थियो भने कार्यक्रमको सभापतित्व संघका उपाध्यक्ष ध्रुब भट्टराईले गर्नुभएको थियो।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधि, उद्योगी, व्यवसायी, लगानीकर्ता, प्राध्यापक तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

## गभर्नर डा. नेपाल र विश्व बैंकका कन्ट्री मेनेजर बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपालका लागि विश्व बैंकका नवनियुक्त कन्ट्री मेनेजर फारिस हदाद–जर्भोस (Faris Hadad-Zervos) ले २०७५ जेठ ११ गते शिष्टाचार भेटवार्ता गर्नुभयो।



भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले विश्व बैंकले नेपाललाई गरेको सहयोगको सराहना गर्दै नेपालको वित्तीय क्षेत्रको अवस्था र संघीय संरचनामा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका एवम् वित्तीय व्यवस्थापनको चुनौतीका बारेमा जानकारी दिनुभयो।

सो अवसरमा गभर्नर डा. नेपालले मुलुकको अर्थतन्त्रमा थप चुनौतीहरू विद्यमान रहेको चर्चा गर्दै राजनैतिक स्थायित्वले यी चुनौतीहरूको समाधान भई आथिक समृद्धितर्फ मुलुक अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो। साथै, मुलुकमा पूर्वाधार विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोतको लागि वैदेशिक लगानीलाई आकर्षित गरी उपयुक्त क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता उहाँले औंल्याउनु भयो।

बाँकी ५ पेजमा

# गभर्नर डा. नेपालद्वारा प्रशिक्षण कार्यक्रम उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक र राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा संयुक्त रूपमा २०७५ जेठ १८ गते बाँकेको कोहलपुरमा आयोजित "बैंकिङ तथा आर्थिक अपराध सम्बन्धी मुद्दाको कारवाही" विषयक दुई दिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नुभयो ।




कार्यक्रममा गभर्नर डा. नेपालले आर्थिक तथा वित्तीय स्थायित्वका लागि आर्थिक अनुशासन तथा स्वःनियमन अत्यन्त महत्वपूर्ण रहेको बताउनु भयो ।

नेपाल राष्ट्र बैंकबाट जारी हुने नीति निर्देशनको पूर्ण पालना नभएमा बैंक तथा वित्तीय संस्थामा अनुशासनहीनता उत्पन्न हुने चर्चा गर्दै उहाँले मुलुकको आर्थिक समृद्धिका लागि सरोकारवालाहरूले आफूलाई तोकिएको जिम्मेवारी सही रूपमा पूरा गर्नुपर्ने, सरकारी वा निजी क्षेत्रबाट स्थापित बैंक तथा वित्तीय सस्थाहरू र सोमा आबद्ध व्यक्तिहरूले प्रचलित कानुन एवम् नियमनकारी निकायबाट जारी भएका नियमनहरूको पालना गर्दै आफ्नो व्यावसायिक क्रियाकलाप सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले प्रविधिको क्षेत्रमा भएको द्रुततर विकाससँगै वित्तीय अपराधहरू दिनानुदिन बढ्दै गएको र यसले मुलुकको बैंकिङ प्रणालीमा जोखिम समेत बढाएको बताउँदै न्याय निरूपणको सिलसिलामा अदालतले बैंकिङ क्षेत्रका विवादहरूलाई यस क्षेत्रको संवेदनशीलताको आधारमा छिटो र अझ प्रभावकारी तरिकाले समाधान गर्न आवश्यक रहेको बताउनु भयो ।

साथै, उहाँले बैंकिङ क्षेत्रमा प्रयोग हुने विभिन्न अवधारणा, यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय अभ्यास समेतको बारेमा माननीय न्यायाधीशहरूका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट आयोजना हुने कार्यक्रमहरूले बैंकिङ क्षेत्रको ज्ञान विस्तार हुन गई मुलुकमा सक्षम, प्रभावकारी र पारदर्शी वित्तीय प्रणालीको स्थापना गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा उच्च अदालतका माननीय न्यायाधीशहरू प्रभाव बस्नेत तथा विष्णुदेव पौडेल, नेपालगञ्ज कार्यालयका निर्देशक विमलराज खनाल, जिल्ला अदालतका माननीय न्यायाधीशहरू लगायत रजिष्ट्रारहरू, सरकारी वकिलहरू र जिल्ला अदालतका पदाधिकारी तथा अधिकृतहरूको उपस्थिति रहेको थियो ।

# वृक्षारोपण कार्यक्रम सम्पन्न

नेपाल सरकारको विश्व वातावरण दिवसको अवसरमा सार्वजनिक संस्थान र बैंक तथा वित्तीय संस्थाहरूको परिसरमा "एक कर्मचारी एक फलफूलको विरुवा" रोप्ने कार्यक्रम अनुसार २०७५ जेठ २२ गते (२०१८ जुन ५) बैंकको केन्द्रीय कार्यालय, बालुवाटार परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न भयो ।

सो अवसरमा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठले कार्यालय परिसरको बगैंचामा एक/एक वटा फलफूलको विरुवा रोप्नुभयो ।

कार्यक्रममा सामान्य सेवा विभागका कार्यकारी निर्देशक लगायत बैंकका अधिकृत तथा कर्मचारीहरूले पनि विभिन्न जातका फलफूलको विरुवा रोपेका थिए ।





## गभर्नर डा. नेपाल....

भेटवार्तामा कन्ट्री मेनेजर फारिसले विश्व बैंक नेपालको वित्तीय क्षेत्रको विकासका लागि आवश्यक सहयोग गर्न तयार रहेको बताउनु भयो । सो अवसरमा उहाँले नेपाली अर्थतन्त्रको विकासमा नेपाल राष्ट्र बैंकले खेलेको भूमिकाको सराहना गर्दै नेपालले विप्रेषण आप्रवाहलाई थप व्यवस्थित गर्न चाल्नु पर्ने पहल कदमीका बारेमा सुझाव दिनुभयो ।

उक्त भेटवार्तामा विश्व बैंकका वरिष्ठ वित्तीय क्षेत्र विज्ञ (Senior Financial Sector Specialist) सविनराज श्रेष्ठ र वरिष्ठ अर्थशास्त्री (Senior Economist) रोशदर्शन बज्राचार्यको पनि उपस्थिति रहेको थियो ।

अमेरिकी नागरिक फारिसले नेपालको लागि विश्व बैंकको कन्ट्री मेनेजरको रुपमा २०७५ वैशाख २५ गतेदेखि कार्यभार सम्हाल्नु भएको हो । सन् २००१ मा विश्व बैंकको सेवामा प्रवेश गर्नुभएका फारिस यस अघि मलेसियाका लागि कन्ट्री मेनेजर हुनुहुन्थ्यो ।

# पूर्व कर्मचारी संघको २५ औं स्थापना दिवस सम्पन्न

नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको २५ औं स्थापना दिवसको अवसरमा संघले २०७५ जेठ १७ गते थापाथलीस्थित बैंकर्स क्लबको सभाहलमा एक समारोहको आयोजना गऱ्यो । समारोहको उद्‌घाटन प्रथम गभर्नर हिमालय शमशेर जबरा र गभर्नर डा. चिरंजीबि नेपालले पानसमा दिप प्रज्वलन गरी संयुक्त रुपमा गर्नुभयो ।

समारोहको प्रमुख अतिथिको आसनबाट प्रथम गभर्नर जबराले भन्नुभयो “बैंकिङ पूर्वाधारको दयनीय अवस्था भएको २०१३ सालमा नेपाल राष्ट्र बैंकको स्थापना गरी मुलुकमा स्वदेशी मुद्राको प्रचलन बढाउने, बैंकिङ प्रणालीको विकास गर्ने, भा.रु. र नेपाली रुपैयाँबीच स्थिर विनिमय दर कायम गर्ने एवम् आर्थिक विकासका लागि स्वदेशी पुँजी परिचालन गर्ने काम निकै चुनौतीपूर्ण थियो । अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रतिनिधिहरूले ती काम गर्न असम्भव प्रायः छ भनी टिप्पणी गरेका थिए । तर तत्कालीन सरकार, कर्मशील जनशक्ति, सही योजना र निरन्तरको परिश्रम पश्चात नेपाल राष्ट्र बैंक आफ्नो लक्ष्य प्राप्त गर्न सफल भयो” । साथै, उहाँले अनुशासन, परिश्रम, व्यावसायिक इमान्दारिता र व्यवहार बीच समन्वय गर्न सके नेपाल राष्ट्र बैंकले वर्तमानमा देखिएका सबै प्रकारका चुनौतीहरूको व्यवस्थापन गर्न सक्ने धारणा व्यक्त गर्नुभयो ।

समारोहका विशेष अतिथि गभर्नर डा. नेपालले सेवानिबृत्त कर्मचारीहरू बैंकका अनुभवी अग्रज भएको चर्चा गर्दै उहाँहरूको सम्मान र सुखी जीवनका लागि बैंकले निरन्तर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

समारोहमा पूर्व गभर्नर गणेशबहादुर थापाले सेवानिवृत्त जीवनलाई शान्त, स्वस्थ एवं आनन्दित पार्न योग, ध्यान र आध्यात्मिक पक्ष पनि सहायक हुने धारणा राख्नुभयो ।

समारोहमा बैंक सेवाबाट अवकास प्राप्त कर्मचारीहरूमध्ये ७५ वर्ष पूरा गर्नुभएका ४२ जना ज्येष्ठ पूर्व कर्मचारीहरूलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । त्यसै गरी मुलुकको स्वास्थ्य सेवा, समाज सेवा एवम् ज्येष्ठ नागरिकको हक हित तथा अधिकारका बारेमा क्रियाशील ९५ वर्षीय वरिष्ट चिकित्सक डा. गौरीशंकर लाल दासलाई विशेष सम्मान गरिएको थियो ।

समारोहका सभापति तथा संघका अध्यक्ष श्यामबहादुर श्रेष्ठले पूर्व कर्मचारी संघले गरेका गतिविधिहरू बारे जानकारी दिँदै बैंकको उच्च व्यवस्थापनसँग समन्वय गरी आगामी दिनमा सेवानिवृत्त कर्मचारीहरूको स्वास्थ्य, सक्रिय जीवन र सामाजिक भेटघाटका लागि थप कार्यक्रमहरू सञ्चालन गर्दै जाने बताउनु भयो ।

समारोहमा संघका उपाध्यक्ष सिद्धीकृष्ण जोशीले स्वागत मन्तव्य राख्नु भएको थियो भने अग्रज व्यक्तित्वहरू वासुदेवराम जोशी तथा नानीवावा रिसालले आफ्नो अनुभूति र जीवनका अनुभवहरू प्रस्तुत गर्नु भएको थियो । साथै, पूर्व कर्मचारी सेवा परिषद्का अध्यक्ष माधवप्रसाद घिमिरे तथा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका अध्यक्ष मदनदास श्रेष्ठले सेवानिवृत्त अवस्थामा ज्येष्ठ कर्मचारीहरूले सामना गर्नु पर्ने समस्याहरू हल गर्न थालिएका नीतिगत प्रयासहरूको जानकारी दिनुभएको थियो ।

बैंकका पूर्व कर्मचारीहरूको उपस्थिति रहेको उक्त समारोहमा संघका महासचिव भोलानाथ प्रेमी उपाध्यायले धन्यवाद मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन संघका सचिव गोविन्दप्रसाद गौतमले गर्नुभएको थियो ।

यसैगरी बैंकको ६३ औं वार्षिकोत्सवको अवसरमा संघले २०७५ वैशाख १७ गते थापाथलीमा एक कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रमको उद्‌घाटन विशेष अतिथि तथा पूर्व गभर्नर सत्येन्द्रप्यारा श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा मन्तव्य व्यक्त गर्दै पूर्व गभर्नर श्रेष्ठले लामो राजनैतिक संक्रमणले अर्थतन्त्रका विभिन्न परिसूचक शिथिल भए पनि सरकार, केन्द्रीय बैंक र निजी क्षेत्रबीच समन्वयात्मक प्रयास भएमा सुधारको फराकिलो सम्भावना समेत रहेको धारण व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले अर्थव्यवस्थामा विविध खाले समस्या रहेकोमा नेपाल राष्ट्र बैंकले समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै मौद्रिक अधिकारीको रूपमा आवश्यक सुधारलाई निरन्तरता दिएको बताउनु भयो । साथै, उहाँले नियमन र सुपरिवेक्षकीय कार्यलाई सबल बनाउँदै बैंकिङ सेवाको विस्तार र वित्तीय समावेशीकरण मार्फत नेपाल राष्ट्र बैंक ग्रामीण अर्थतन्त्र, कृषि क्षेत्र र समाजका कमजोर वर्गलाई समेत वित्तीय सेवा पुऱ्याउन दत्तचित भएर लागेको बताउनु भयो ।

कार्यक्रमका सभापति तथा संघका अध्यक्ष श्रेष्ठले मन्तव्य राख्दै बैंकिङ क्षेत्रका जल्दाबल्दा चुनौती हल गर्न बैंकका अवकाशप्राप्त दक्ष कर्मचारी सदा तत्पर रहेकोले सेवानिवृत्त कर्मचारीको सीप र अनुभव प्रयोग गर्न उच्च व्यवस्थापनसँग अनुरोध गर्नुभयो ।



संघका उपाध्यक्ष जोशीले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा महासचिव उपाध्यायले संघको गतिविधि बारे जानकारी दिनुभएको थियो । कार्यक्रममा सेवानिवृत्त कर्मचारीहरू वासुदेवराम जोशी, अश्विनीकुमार ठाकुर, विन्दिया प्रधान, प्रमिला घिमिरेले मन्तव्य राख्नुभएको थियो ।

# ग्रामीण स्वावलम्बन कोषको सफ्टवेयर सञ्चालन सम्बन्धी तालिम सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यतामा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग अन्तर्गतको ग्रामीण स्वावलम्बन कोषको सचिवालयले कोषको RSRF Software सञ्चालन सम्बन्धी तालिम २०७५ जेठ १८ गते काठमाडौंमा सम्पन्न गऱ्यो ।




तालिम कार्यक्रमको शुभारम्भ गर्दै प्रमुख अतिथि डेपुटी गभर्नर श्रेष्ठले ग्रामीण स्वावलम्बन कोषको RSRF Software को पूर्ण कार्यान्वयन पश्चात कोषको कार्य सञ्चालन थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । उपरोक्त सफ्टवेयरको प्रयोगबाट कोषले प्रदान गर्दै आइरहेको कर्जा र सोको ब्याज तथा अनुदान लगायतका हिसाब र तथ्यांक दुरुस्त राख्नमा थप मद्दत पुग्ने धारणा व्यक्त गर्दै उहाँले दैनिक प्रयोगमा आइपर्ने समस्यालाई ध्यानमा राखेर सफ्टवेयरमा क्रमश: सुधार गर्दै जानु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा RSRF Software को उपादेयता माथि प्रकाश पार्दै लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीले नेपाल सरकारबाट ग्रामीण स्वावलम्बन कोषको वित्तीय अवस्थाको जानकारी जुनसुकै समयमा पनि माग गर्न सक्ने भएकाले पनि सो सम्बन्धी सफ्टवेयर प्रयोगमा ल्याउनु अपरिहार्य रहेको बताउनु भयो । साथै, उहाँले छिटो, छरितो र विश्वसनीय ढंगले कोष सञ्चालन र त्यसको लेखा व्यवस्थापन गर्न सकियोस् भन्ने अभिप्रायले आधुनिक सफ्टवेयरमार्फत् कारोबार सञ्चालन गर्न लागिएको बताउनु भयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै सोही विभागका निर्देशक दयाराम शर्मा पंगेनीले नेपाल सरकार र नेपाल राष्ट्र बैंकको संयुक्त स्वामित्वमा सञ्चालित ग्रामीण स्वावलम्बन कोषबाट सरकारले विपन्न वर्गमा वित्तीय पहुँच पुऱ्याउन लिएको उद्देश्य एवम् नेपाल राष्ट्र बैंकले वित्तीय पहुँच र वित्तीय समावेशिता मार्फत् हासिल गर्न खोजेको आर्थिक वृद्धि र आर्थिक स्थायित्वमा टेवा पुऱ्याउने कार्यमा योगदान गर्दै आएको बताउँदै कोषको सञ्चालन थप प्रभावकारी बनाउन RSRF Software जडान गर्न लागिएको बताउनु भयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक शहदेव चन्द र युरानस टेक नेपाल प्रा. लि.का प्रतिनिधिले RSRF Software सञ्चालन विधि र प्रक्रियाका सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो ।

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका अधिकृत तथा कर्मचारीहरू र कोष सञ्चालनमा संलग्न संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन सोही विभागका उपनिर्देशक राजेन्द्रप्रसाद रिमालले गर्नुभएको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठद्वारा बैठकमा सहभागिता

डेपुटी गभर्नर शिवराज श्रेष्ठ २०७५ जेठ १० र ११ गते (२०१८ मे २४ देखि २५) श्रीलंकाको कोलम्बोमा सम्पन्न दक्षिण एसिया क्षेत्रीय तालिम तथा प्राविधिक सहायता केन्द्र (South Asia Regional Training and Technical Assistance Centre-SARTTAC) को दोस्रो स्टेरिङ कमिटी बैठकमा सहभागी हुनुभयो । बैठकमा नेपाल लगायत केन्द्रका सदस्य राष्ट्रहरू बंगलादेश, भारत, भुटान, माल्दिप्स र श्रीलंकाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

बैठकले केन्द्रको सुशासन कार्यविधि (Governance Procedures) र सन् २०१९ को वार्षिक कार्ययोजना र बजेट पारित गऱ्यो । बैठकमा केन्द्रको सन् २०१८ को कार्य प्रगति र उपलब्ध सेवाको गुणस्तरका बारेमा छलफल भयो । दक्षिण एसिया क्षेत्रमा केन्द्रले दिगो सहकार्य निर्माण गरिरहेको सम्बन्धमा पनि सहभागीहरूबीच छलफल भएको थियो ।

केन्द्रको स्टेरिङ कमिटीको बैठक वार्षिक रुपमा बस्ने व्यवस्था रहेको छ । केन्द्रको वार्षिक कार्ययोजना पारित गर्ने, आवश्यक नीति तथा प्राथमिकता तर्जुमा गर्ने कार्यमा केन्द्रलाई सहयोग गर्ने र रणनैतिक मार्गदर्शन उपलब्ध गराउने यो कमिटीका प्रमुख कार्यहरू हुन । समष्टिगत आर्थिक तथा वित्तीय विश्लेषण र नीति निर्माण सम्बन्धी तालिम कार्यक्रमको समन्वय गर्ने निकायको रुपमा पनि यो कमिटीलाई लिने गरिन्छ ।



# बिदुरमा मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया सम्पन्न

अनुसन्धान विभाग, मूल्य महाशाखाले नुवाकोट जिल्लाको बिदुर नगरपालिका बजार केन्द्रमा २०७५ वैशाख २९ गते मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया आयोजना गर्‍यो ।




अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाको सभापतित्व एवम् बिदुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष लेनिन रञ्जितको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको उक्त कार्यक्रममा अतिथिहरूको रूपमा नुवाकोट उद्योग वाणिज्य संघका कोषाध्यक्ष गीता अमात्य, नुवाकोट आदर्श बहुमुखी क्याम्पसका सह-प्राध्यापक ठाकुरप्रसाद पुडासैनी तथा भिमसेन माध्यमिक विद्यालयका प्रधानाध्यापक बासुदेव बानियाँ रहनुभएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक थापाले देशमा मूल्य स्थिरता कायम राख्ने प्रमुख उद्देश्य अनुरूप नेपाल राष्ट्र बैंकले वार्षिक रूपमा मौद्रिक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको र सो लक्ष्य प्राप्तिको लागि आफूसँग भएका मौद्रिक उपकरणहरूलाई उच्चतम प्रयोग गर्ने गरेको जानकारी गराउनु भयो ।

देशको समग्र मूल्य स्थितिको मापन तथा विश्लेषण गर्न परिसूचकको रूपमा मुद्रास्फीति दरलाई अवलम्बन गर्दै आएको चर्चा गर्दै उहाँले परिसूचक निर्माण गर्न तोकिएको वस्तु डालोमा रहेका विभिन्न वस्तु तथा सेवाहरूको मूल्य तथ्यांक आवश्यक पर्ने र ती मूल्य तथ्याङ्क उपलब्ध गराउने मूल्य प्रदायक स्रोत पसलधनीहरूको महत्वपूर्ण भूमिका रहने स्पष्ट पार्नुभयो । साथै, उहाँले कार्यक्रममा उठेका मूल्य तथ्यांकसँग सम्बन्धित विविध जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रमको सुरुमा अन्तरक्रियाको औचित्य पुष्टि गर्दै सोही विभागका उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलन तथा सोको प्रशोधन गर्न अपनाइएका विधिहरू, मूल्य तथ्याङ्कको महत्व एवम् उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विविध विषयहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

नुवाकोट जिल्लाको बिदुर नगरपालिका बजार केन्द्र अन्तर्गतका मूल्य तथ्यांक प्रदायकहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन सोही विभागका सहायक निर्देशक डा. गणेशप्रसाद गौतमले गर्नुभएको थियो ।

# पाल्पामा अन्तरक्रिया कार्यक्रम सम्पन्न

सिद्धार्थनगर कार्यालयले २०७५ वैशाख २९ गते पाल्पा जिल्लाको तानसेनमा "पाल्पा जिल्लामा वित्तीय कारोबारको अवस्था, वित्तीय क्षेत्रमा देखिएका समसामयिक चुनौतीहरू तथा समाधान" विषयक एक दिने अन्तरक्रिया आयोजना गर्‍यो ।

कार्यक्रममा कार्यालयका निर्देशक अशोककुमार पौडेलले वार्ता प्रस्तुत गर्दै पाल्पा जिल्लाको आर्थिक तथा वित्तीय सूचकहरूको चर्चा गर्नुभयो । सो अवसरमा उहाँले बैंकिङ सेवाको विस्तार एवम् वित्तीय साक्षरता अभिवृद्धि गरी कृषि, ऊर्जा, पर्यटन लगायतका उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्न बैंकिङ क्षेत्रले विशेष जोड दिनुपर्ने बताउनु भयो ।

कार्यक्रममा प्रस्तुत वार्ताउपर टिप्पणी गर्दै त्रिभुवन बहुमुखी क्याम्पस, अर्थशास्त्र विभागका प्रमुख शारदाप्रसाद भट्टराईले पाल्पा जिल्लाको वित्तीय सेवाको वर्तमान अवस्था, समस्या तथा समाधानका उपायबारे चर्चा गर्नुभयो ।

यस अघि कार्यालयका उपनिर्देशक प्रकाश राईले स्वागत मन्तव्य व्यक्त गर्दै अन्तर क्रिया कार्यक्रमको उद्देश्य तथा महत्वमाथि प्रकाश पार्नुभएको थियो ।

सहभागीहरूको तर्फबाट नेपाल एसबिआई बैंक लिमिटेड, तानसेन शाखाका प्रबन्धक सुधिर पौडेल तथा तानसेन उद्योग वाणिज्य संघका उपाध्यक्ष शैलेन्द्र भट्टराईले कार्यक्रम अत्यन्त उपयोगी भएको बताउनु भएको थियो ।

पाल्पा जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धकहरू, सरकारी कार्यालयका प्रमुखहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू तथा पत्रकारहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका सहायक रमेश सारुले गर्नुभएको थियो ।

# सिद्धार्थनगरमा वृक्षारोपण

सिद्धार्थनगर कार्यालयले २०७५ जेठ १५ गते कार्यालय परिसरमा बृक्षारोपण कार्यक्रम सम्पन्न गर्‍यो ।

विश्व वातावरण दिवसको अवसरमा सार्वजनिक संस्थान र बैंक तथा वित्तीय संस्थाहरूको परिसरमा "एक कर्मचारी एक फलफूलको विरुवा" रोप्ने नेपाल सरकारको कार्यक्रम अनुसार कार्यालय परिसरमा बृक्षारोपण गरिएको हो । सो अवसरमा कार्यालयका निर्देशक अशोककुमार पौडेल, उपनिर्देशकद्वय ऋषिराम बराल तथा विवेक कोइराला लगायत कार्यालयका अधिकृत तथा कर्मचारीहरूले लिची, केरा, अम्बा, बेल लगायतका फलफुलका विरुवा रोप्नुभएको थियो ।

# वीरगञ्ज र भरतपुरमा मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया सम्पन्न

अनुसन्धान विभाग, मूल्य महाशाखाले पर्साको वीरगञ्ज बजार केन्द्रमा २०७५ जेठ ३१ गते र चितवनको भरतपुर बजार केन्द्रमा असार १ गते मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया सम्पन्न गऱ्यो । उक्त दुवै कार्यक्रमको सभापतित्व अनुसन्धान विभागका कायममुकायम निर्देशक हिमप्रसाद न्यौपानेले गर्नुभएको थियो ।




कार्यक्रममा कायममुकायम निर्देशक न्यौपानेले देशमा मूल्य स्थिरता कायम राख्ने उद्देश्य अनुरूप केन्द्रीय बैंकले मौद्रिक नीति परिचालित गर्ने गरेको जानकारी गराउनु भयो । नेपाल राष्ट्र बैंकले पनि वार्षिक रूपमा मौद्रिक नीति निर्माण गर्दा मूल्य स्थिरतालाई प्रमुख लक्ष्य बनाउने गरेको चर्चा गर्दै उहाँले सो लक्ष्य प्राप्तिको लागि विभिन्न मौद्रिक उपकरणहरू उच्चतम प्रयोग गर्ने गरेको स्पष्ट पार्नुभयो । साथै, उहाँले मूल्य तथ्याङ्क सम्बन्धमा कार्यक्रमका सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

वीरगञ्ज बजार केन्द्रमा सञ्चालित अन्तरक्रियामा वीरगञ्ज उद्योग वाणिज्य संघका कार्यकारी सचिव मनोज उपाध्याय प्रमुख अतिथि तथा वीरगञ्ज कार्यालयका उपनिर्देशक बुद्धराज शर्मा अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

त्यसै गरी, भरतपुर बजार केन्द्रमा सञ्चालित अन्तरक्रियामा प्रमुख अतिथिको रूपमा चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सहनलाल प्रधान र अतिथिको रुपमा बालकुमारी माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणबहादुर थापा तथा बालकुमारी कन्या माध्यमिक विद्यालयका प्रधानाध्यापक हेरम्बकुमार श्रेष्ठ सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रममा उद्योग वाणिज्य संघका प्रतिनिधि तथा शैक्षिक क्षेत्रका प्रतिनिधिहरूले नेपाल राष्ट्र बैंकले संकलन गर्दै आएको मूल्य तथ्याङ्कले मुलुकको समग्र मुद्रास्फीतिको मापन हुने र यस किसिमको यथार्थ सूचकले देशको समग्र आर्थिक नीति निर्माण गर्न एवम् सोको प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने हुँदा सम्पूर्ण व्यवसायीहरूलाई समयमै यथार्थ मूल्य तथ्याङ्क दिई उपयुक्त नीति निर्माण गर्ने कार्यमा हातेमालो गरिदिन अनुरोध गरेका थिए ।

उपर्युक्त दुबै कार्यक्रममा आयोजक विभागका उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले विभिन्न बजार केन्द्रबाट मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलन तथा सोको प्रशोधन गर्न अपनाइएका विधिहरू, आन्तरिक तथा बाह्य क्षेत्रमा मूल्य तथ्याङ्कको महत्व एवम् उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरू समावेश भएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सम्बन्धित बजार केन्द्रका मूल्य तथ्यांक प्रदायकहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन आयोजक विभागका सहायक निर्देशक सुन्दर खड्काले गर्नुभएको थियो ।

# प्युठानमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

सिद्धार्थनगर कार्यालय र सरुमारानी गाउँपालिकाको सहयोग एवम् ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी संस्था लिमिटेड, बड्डाँडा, प्युठानको आयोजनामा २०७५ जेठ १३ गते वित्तीय साक्षरता एवम् नोट व्यवस्थापन सम्बन्धी एक दिने सचेतनामूलक कार्यक्रम सम्पन्न भयो ।

आयोजक सहकारी संस्थाको सभाहलमा सञ्चालित उक्त कार्यक्रमको सहजीकरण श्रोत व्यक्ति तथा सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपानेले गर्नुभएको थियो । सो अवसरमा उहाँले कार्यक्रममा सिकेका वित्तीय चेतना सम्बन्धी ज्ञान एवम् नोटको जतन तथा सुरक्षा गर्ने सम्बन्धी कुराहरू व्यवहारमा लागू गर्न र आफूले सिकेका ज्ञान अरुलाई पनि सिकाउन आग्रह गर्नुभयो ।

कार्यक्रमका अध्यक्ष तथा आयोजक सहकारी संस्थाका अध्यक्ष छन्दबहादुर केसीले सहकारी संस्थाका सदस्यहरूले उत्पादन गरेका अदुवा, बेसार, तरकारी लगायतका कृषि उपजहरू संकलन गरी स्थानीय बजारका साथै देशका विभिन्न शहरहरू लगायत विदेशमा समेत पठाउने गरेको जानकारी दिनुभयो । सहकारी संस्थाका सदस्यहरूमा वित्तीय चेतनाको स्तर अत्यन्तै कमजोर रहेको र कार्यक्रममार्फत वित्तीय साक्षरता र नोटको जतन गर्ने सम्बन्धमा धेरै जानकारी गराउन सफल भएको बताउँदै उहाँले प्राप्त ज्ञान दैनिक व्यवहारमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

सहकारी संस्थाको सञ्चालक समितिका पदाधिकारीहरू तथा शेयर सदस्यहरूको सहभागिता रहेको उक्त कार्यक्रमको अन्तमा मन्तव्य व्यक्त गर्दै सरुमारानी गाउँपालिकाका अध्यक्ष चिन्तबहादुर सोमै मगरले वित्तीय सचेतनामूलक कार्यक्रम गाउँगाउँमा पुऱ्याउन आवश्यक रहेको बताउनु भयो । कार्यक्रम अत्यन्तै फलदायी रहेको र वित्तीय चेतनाको आधारभूत ज्ञानबाट सहभागीहरूका साथै उनीहरूका परिवार एवम् छरछिमेकीहरू समेत लाभान्वित हुने बताउनु हुँदै उहाँले नेपाल राष्ट्र बैंकको सहयोग आगामी दिनमा पनि निरन्तर पाइरहने अपेक्षा व्यक्त गर्नुभयो ।

# वैदेशिक तालिममा सहभागिता

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला Currency Research ले २०१८ मे २१ देखि २४ सम्म अमेरिकामा आयोजना गरेको The 2018 Banknote Conference मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेल The World Bank Group ले २०१८ जुन ६ देखि ८ सम्म अमेरिकामा आयोजना गरेको Policy Challenges for the Financial Sector विषयक 18th annual International Conference मा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका निर्देशक रामबहादुर मानन्धर तथा सहायक निर्देशकद्वय बैंकिङ कार्यालयका मनोहर शिवाकोटी र गभर्नरको कार्यालयका रामकाजी खाइजू Bank of Korea ले २०१८ मे १६ देखि १८ सम्म कोरियाको सिउलमा आयोजना गरेको 2018 BOK-KPP Preliminary Meeting मा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका निर्देशक रोशनकुमार सिग्देल तथा सहायक निर्देशकद्वय जनशक्ति व्यवस्थापन विभागका भीमप्रसाद गौतम र बैंक तथा वित्तीय संस्था नियमन विभागका सुशिल ज्ञवाली International Finance Corporation ले २०१८ मे २१ देखि २६ सम्म चीनको बेइजिङमा आयोजना गरेको Global Green Finance Leadership Program मा सहभागी हुनुभयो ।

उपनिर्देशकद्वय सामान्य सेवा विभागका मिलन राई र नेपालगञ्ज कार्यालयका कमलप्रकाश कालाथोकी Alliance for Financial Inclusion (AFI) ले २०१८ जुन ४ देखि ८ सम्म घानामा आयोजना गरेको Financial Inclusion Data विषयक BOG-AAI Joint Learning Program मा सहभागी हुनुभयो ।

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक लुमाकान्त भट्टराई र विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक विष्णुप्रसाद सुवेदी CICTAB ले २०१८ मे २१ देखि २५ सम्म भारतको नयाँ दिल्लीमा आयोजना गरेको Agri-Value Chain Financing विषयक तालिममा सहभागी हुनुभयो ।

कानुन महाशाखाका सहायक निर्देशक रामशरण पोखरेल IMF-STI ले २०१८ मे २८ देखि जुन १ सम्म सिंगापुरमा आयोजना गरेको Legal Design of Taxation Frameworks Relevant to the Asia-Pacific Region विषयक तालिममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका सहायक निर्देशक रामेश्वर पोखरेल IMF-STI ले २०१८ जुन ४ देखि ८ सम्म सिंगापुरमा आयोजना गरेको Implementing the International AML/CFT Standards-Enhancing Entity Transparency विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक मनोज पोखरेल FCOFI, France ले २०१८ मे २२ देखि २५ सम्म फ्रान्समा आयोजना गरेको Monetary and Financial Statistics विषयक तालिममा सहभागी हुनुभयो ।

# का.मु. निर्देशक नागिला सार्कफाइनान्स संयोजक

गभर्नरको कार्यालयका कायम मुकायम निर्देशक गोविन्दप्रसाद नागिला २०७५ जेठ १५ गते (२०१८ मे २९) देखि सार्कफाइनान्सको नेपाल संयोजक (SAARCFINANANCE Coordinator) तोकिनु भएको छ । यसै गरी सोही कार्यालयका उपनिर्देशक शुभाषचन्द्र घिमिरे सार्कफाइनान्सको वैकल्पिक संयोजक (Alternate Coordinator) को रुपमा रहनु भएको छ ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC) को बैंकिङ तथा वित्तीय क्षेत्र सम्बन्धी निकायको रुपमा रहेको सार्कफाइनान्समा सार्क राष्ट्रहरू- नेपाल, भारत, भुटान, बंगलादेश, पाकिस्तान, श्रीलंका, माल्दिप्स र अफगानिस्तानका केन्द्रीय बैंकहरू सदस्य रहेका छन् भने प्रत्येक सदस्य केन्द्रीय बैंकले एक/एक जना संयोजक र वैकल्पिक संयोजक तोक्ने व्यवस्था रहेको छ ।

# सरुवा

उपनिर्देशकहरू सामान्य सेवा विभागका लक्ष्मीप्रसाद प्रसाईं र वित्तीय जानकारी एकाइका शरणकुमार अधिकारी बैंक सुपरिवेक्षण विभागमा, विदेशी विनिमय व्यवस्थापन विभागका ईश्वरीप्रसाद भट्टराई संस्थागत योजना विभागमा, धनगढी कार्यालयका विनोदराज लेखक र बैंकिङ कार्यालयका मनोहर बस्नेत सामान्य सेवा विभागमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका अशोक घिमिरे आन्तरिक लेखापरीक्षण विभागमा, सामान्य सेवा विभागका गिरिजाप्रसाद कोइराला अनुसन्धान विभागमा, अनुसन्धान विभागका दुर्गेशगोपाल श्रेष्ठ र सुमन नेउपाने जनशक्ति व्यवस्थापन विभागमा, वित्त व्यवस्थापन विकागका पुष्पा अधिकारी र नेपालगञ्ज कार्यालयका कमलप्रकाश कालाथोकी विकास बैंक सुपरिवेक्षण विभागमा, आन्तरिक लेखापरीक्षण विभागका पूर्णबहादुर महर्जन बैंकिङ कार्यालयमा र जनकपुर कार्यालयका प्रल्हाद गिरी वित्त कम्पनी सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

यसै गरी सहायक निर्देशकद्वय सामान्य सेवा विभागका मोहनप्रसाद सापकोटा र वित्त व्यवस्थापन विभागका लेखनाथ दाहाल जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

# अनिवार्य अवकाश

बैंकमा ३० वर्ष सेवा गरिसक्नु भएका वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक हरिशरण के.सी.ले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) मा भएको व्यवस्था बमोजिम बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

सोही व्यवस्था बमोजिम निर्देशकहरू विकास बैंक सुपरिवेक्षण विभागका बलराम पौडेल, विष्णुमणि गौतम, हरिगोपाल अधिकारी र रामप्रसाद फुयाल, जनशक्ति व्यवस्थापन विभागका हरिप्रसाद सुवेदी र केशव थापा, बैंक सुपरिवेक्षण विभागका मुकुन्द महत र महेन्द्रराज रञ्जित, बैंक तथा वित्तीय संस्था नियमन विभागका मात्रिकाप्रसाद पौडेल तथा गभर्नरको कार्यालयका चिरञ्जीवी चापागाईं, राजेन्द्र पण्डित र शम्भुनाथ ढुङ्गानाले पनि बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

उपनिर्देशकहरू लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका विजयकुमार क्षेत्री, बसन्तराज पाण्डे, चन्द्रकुमार श्रेष्ठ, जद्धमान श्रेष्ठ, रामहरि दाहाल र शंकरप्रसाद पौडेल, राष्ट्र ऋण व्यवस्थापन विभागका गोमा अधिकारी, अनुसन्धान विभागका राजेन्द्रप्रसाद

क्रमश: ११ पेजमा

# कार्यकारी निर्देशक पदमा बढुवा

बैंकको प्रशासन सेवातर्फ २०७५ जेठ ३ गते सम्ममा रिक्त रहेको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) पद संख्या १ पदपूर्ति गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) को विनियम ६५ को उपविनियम (२) बमोजिम वित्त व्यवस्थापन विभागका कायम मुकायम कार्यकारी निर्देशक सुनिल उदाशलाई २०७५ जेठ २४ गतेदेखि कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) पदमा बढुवा गर्ने निर्णय भएको जनशक्ति व्यवस्थापन विभागको सूचनामा जनाइएको छ ।

# उप–निर्देशक पदमा बढुवा तथा पदस्थापन

नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) को विनियम ५३ बमोजिम उपनिर्देशक पदमा बढुवा हुनुभएका बैंक तथा वित्तीय संस्था नियमन विभागका पञ्चलक्ष्मी मानन्धर, उमा जोशी (बोहोरा) र दीपक अधिकारी, बैंक सुपरिवेक्षण विभागका यज्ञबहादुर कटवाल र पीताम्बर पोखरेल, वित्त व्यवस्थापन विभागका केदारप्रसाद पोखरेल (काज: अ.दु.अ.आ.) र ताराप्रसाद ओझा, वित्तीय जानकारी एकाइका चन्द्रमणि निरौला, भुक्तानी प्रणाली विभागका पदमराज रेग्मी, बैंकिङ कार्यालयका तीर्थराज ओझा, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका नारदकुमार पिया र लुमाकान्त भट्टराई, वीरगञ्ज कार्यालयका श्यामराज त्रिपाठी, विकास बैंक सुपरिवेक्षण विभागका कृष्णप्रसाद गौतम तथा मुद्रा व्यवस्थापन विभागका रविन्द्र स्थापितलाई कार्यरत विभाग तथा कार्यालयमा, जनशक्ति व्यवस्थापन विभागका प्रेमलाल ज्ञवालीलाई विदेशी विनिमय व्यवस्थापन विभागमा, ईश्वरकुमार कटुवाललाई विराटनगर कार्यालयमा र राजेशप्रसाद शर्मालाई बैंक तथा वित्तीय संस्था नियमन विभागमा, सिद्धार्थनगर कार्यालयका शान्तिप्रसाद पाण्डेलाई बैंकिङ कार्यालयमा, विदेशी विनिमय व्यवस्थापन विभागका बद्रीप्रसाद खकुरेललाई धनगढी कार्यालयमा र शिवप्रसाद घिमिरेलाई नेपालगञ्ज कार्यालयमा, पोखरा कार्यालयका पुष्कर नेपाली सुर्खालीलाई बैंकिङ कार्यालयमा तथा विकास बैंक सुपरिवेक्षण विभागका सन्तोषकुमार लइँटेललाई वित्त कम्पनी सुपरिवेक्षण विभागमा बढुवा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# प्रधान सहायक र सहायक पदमा बढुवा

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको प्रधान सहायक (सहायक प्रथम) पद संख्या १२ मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) को विनियम ५३ बमोजिम बैंकमा कार्यरत सहायक (सहायक द्वितीय) हरू बैंकिङ कार्यालयका नरेन्द्र पाण्डे, रञ्जन गौतम, देवेन्द्र निरौला र गोपाल महर्जन, जनकपुर कार्यालयका सुरेन्द्रकुमार साह, गंगेशकुमार झा र रुवी साह, विराटनगर कार्यालयका संजिव बखेल, मुद्रा व्यवस्थापन विभागका प्रविन सुवेदी र गोपालबहादुर बुढाथोकी, वीरगञ्ज कार्यालयका अविनाशकुमार गुप्ता तथा वित्त व्यवस्थापन विभागका सुनिता कार्कीलाई प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवा गर्ने निर्णय भएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यसै गरी बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको सहायक (सहायक द्वितीय) पद संख्या १२ मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सम्बन्धमा सोही विनियमावलीको विनियम ५३ बमोजिम बैंकमा कार्यरत उपसहायक (सहायक तृतीय) हरू मुद्रा व्यवस्थापन विभागका महेन्द्रलाल सिंह, शिवकुमार शिवाकोटी, प्रकाश अधिकारी र खेमा पौडेल अधिकारी, जनकपुर कार्यालयका विरेन्द्रकुमार सिंह, वीरगञ्ज कार्यालयका रामचन्द्र महतो, जनशक्ति व्यवस्थापन विभागका पार्वती खरेल, बैंकिङ्ग कार्यालयका आशाकाजी व्यञ्जनकार, रामहरि घिमिरे र धनबहादुर न्यासुर तामाङ, सामान्य सेवा विभागका कुमार पण्डित तथा विराटनगर कार्यालयका राधाकृष्ण खड्कालाई सहायक (सहायक द्वितीय) पदमा बढुवा गर्ने निर्णय भएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

## अनिवार्य अवकाश......

मैनाली, विदेशी विनिमय व्यवस्थापन विभागका अरुण आचार्य, बैंकिङ कार्यालयका भुवनराज त्रिपाठी, विदुर बुढाथोकी, चन्देश्वर श्रेष्ठ, दलबहादुर पौडेल, गोविन्द विष्ट, हरिप्रसाद अधिकारी, राजकुमार श्रेष्ठ, उर्मिला देवी खत्री कार्की र राजेन्द्रकुमार श्रेष्ठ, बैंक सुपरिवेक्षण विभागका विमुल मानन्धर, आन्तरिक लेखापरीक्षण विभागका बाबुराम आचार्य, मनोहरप्रसाद भट्टराई र पुष्पराज आचार्य, वित्त व्यवस्थापन विभागका वीरबहादुर के. सी., बाबुराम सुवेदी र देवराज वाग्ले, विकास बैंक सुपरिवेक्षण विभागका दिनेशरत्न स्थापित र किशोरकुमार भट्टराई, मुद्रा व्यवस्थापन विभागका हेमराज त्रिपाठी र शिवशंकर श्रेष्ठ, सामान्य सेवा विभागका हरिप्रसाद पुडासैनी, वित्त कम्पनी सुपरिवेक्षण विभागका कर्णगोपाल श्रेष्ठ, राजन अधिकारी र सुनिता श्रेष्ठ, बैंकर्स प्रशिक्षण केन्द्रका ध्रुवराज आचार्य, पुरुषोत्तम दाहाल र रविन्द्र बज्राचार्य, नेपालगञ्ज कार्यालयका राजनविक्रम थापा र रमेशकुमार मल्ल, भुक्तानी प्रणाली विभागका श्यामसुन्दर चौधरी, सूचना प्रविधि विभागका दिवस न्यौपाने, जनशक्ति व्यवस्थापन विभागका शिवहरि सिंह बस्नेत, राष्ट्र ऋण व्यवस्थापन विभागका हिमांशरत्न बज्राचार्य र गभर्नरको कार्यालयका उपनिर्देशक (कम्प्युटर) माधवराम डंगोलले पनि सोही व्यवस्था बमोजिम बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

यसै गरी सहायक निर्देशकहरू आन्तरिक लेखापरीक्षण विभागका दुर्गाराज काफ्ले, बैंकिङ कार्यालयका माधवप्रसाद बराल, वीरगञ्ज कार्यालयका शरदराज गौतम, विराटनगर कार्यालयका शम्भुप्रसाद पोखरेल र मुद्रा व्यवस्थापन विभागका टेकबहादुर श्रेष्ठ तथा सहायकहरू वित्त व्यवस्थापन विभागका मुरारीप्रसाद घिमिरे र वीरगञ्ज कार्यालयका उत्तमप्रसाद लामिछानेले पनि ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

बैंकिङ कार्यालयका प्रधान सहायक केशवनाथ भण्डारी, कार्यालय सहयोगी प्रथमहरू संस्थागत योजना विभागका छोरी कुचिकार र अनुसन्धान विभागका धर्मदत्त बजगाई तथा टक्सार महाशाखाका कार्यालय सहयोगी द्वितीय सीतादेवी न्यौपानेले ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

# आर्थिक वृद्धिदर र मुद्रास्फीतिको लक्ष्य हासिल गर्न चुनौतीपूर्ण

गभर्नर डा. चिरंजीबि नेपालले सरकारले बजेटमार्फत निर्दिष्ट गरेको ८ प्रतिशतको आर्थिक वृद्धिदर र ६.५ प्रतिशतको मूल्यवृद्धि लक्ष्य हासिल गर्न चुनौतीपूर्ण तर सम्भव रहेको बताउनु भएको छ।




उक्त कुरा उहाँले अनुसन्धान विभागले २०७५ जेठ २९ गते काठमाडौंमा आयोजना गरेको आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको हो।

सो अवसरमा गभर्नर डा. नेपालले 'मौद्रिक नीतिको लक्ष्य भनेको मूल्य वृद्धिलाई रोक्नु हो' भन्दै आगामी मौद्रिक नीतिले पनि मूल्य नियन्त्रणलाई मुख्य प्राथमिकता दिने बताउनु भयो।

राजनैतिक अस्थिरताको समयमा समेत ६/७ प्रतिशतको आर्थिक वृद्धि भएकोले आगामी दिनमा नेपालको आर्थिक गतिविधि अझ विस्तार हुने धारणा उहाँले व्यक्त गर्नुभयो। संघ, प्रदेश तथा स्थानीय सरकारले गर्ने खर्चका कारण मुद्रास्फीतिमा दबाब पर्ने उहाँको भनाई थियो।

कार्यक्रममा सरोकारवालाहरूले राखेका जिज्ञासाको जवाफ दिँदै गभर्नर डा. नेपालले सरोकारवालाहरूको उपयुक्त र समसामयिक राय सुझाव समेटेर सरकारी बजेटको लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउने गरी मौद्रिक नीति आउने कुरा बताउनु भयो।

उक्त कार्यक्रममा गभर्नर डा. नेपालले अनुसन्धान विभागले तयार गरेको 'नेपालको जनसांख्यिक, सामाजिक, आर्थिक तथा वित्तीय स्थिति (प्रदेशगत प्रोफाइल)', 'निःशुल्क भिसा तथा टिकटको प्रावधानको वैदेशिक रोजगारीमा प्रभाव' र 'A Survey Report on Foreign Direct Investment in Nepal' नामक अध्ययन प्रतिवेदन समेत विमोचन गर्नुभएको थियो।

डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले मौद्रिक नीति तर्जुमाको पृष्ठभूमि, मौद्रिक नीति तर्जुमाका लागि तय भएको संरचना, अन्तर्राष्ट्रिय आर्थिक तथा मौद्रिक परिदृश्य, मुलुकको विद्यमान आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक क्षेत्रका मुख्य चासोका विषयहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा उहाँले लक्षित आर्थिक वृद्धिदर हासिल गर्न कसरी सहयोग पुर्‍याउने, चुलिँदो व्यापार घाटा कसरी न्युनीकरण गर्ने, वित्तीय क्षेत्रमा देखिएको असन्तुलन कसरी हटाउने, दीर्घकालीन ब्याजदरमा देखिएको उतार चढावलाई कसरी न्युनीकरण गर्ने भन्ने कुराहरू आगामी मौद्रिक नीतिको मुख्य चासोका विषयहरू रहेको बताउनु भयो।

कार्यक्रममा सरोकारवालाहरूले आगामी मौद्रिक नीतिले लगानी योग्य स्रोतको व्यवस्था गर्न, बढ्दो ब्याजदर नियन्त्रण गर्न एवम् पुनरकर्जाको दायरा विस्तार गर्ने लगायतका विषयमा ध्यान दिनुपर्ने सुझाव दिएका थिए।

कार्यक्रममा बैंकका वरिष्ट अधिकृतहरू, सरकारी कार्यालयका प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरू, नेपाल बैंकर्स एसोसिएसनका प्रतिनिधिहरू लगायत आर्थिक जगतका सरोकारवालाहरूको उपस्थिति रहेको थियो।



**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेश पन्त

**सम्पादन सहयोगी**
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६